स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

मितिः २०७९/१२/३०

**टोल विकास समिति गठन गरी गाउँपालिकामा सूचीकृत हुने सम्बन्धी जरुरी सूचना।**

स्थानीय विकास प्रक्रियामा टोल तथा वस्तीस्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्न तथा गाउँपालिका, वडा कार्यालयबाट टोल वस्तीको विकास निर्माण लगायतका लागि विनियोजित बजेटको कार्यान्वयन समेत गर्ने गरी टोल विकास समितिको गठन र परिचालन गर्नुपर्ने भएकोले **टोल विकास समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९** को दफा ३ बमोजिम सम्वतम् २०८० बैशाख १५ गते सम्ममा टोल विकास समिति गठन गरी गाउँपालिकामा सूचीकृत हुन ७ वटै वडाका सम्पूर्ण टोलवासीहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु:**

१. टोल भेलाको उपस्थिति माइन्यूट र निर्णय

२. वडा कार्यालयको सिफारिस

३. टोल विकास समितिको विधान २ प्रति

४. टोल विकास समितिको छुट्टै छाप

५. तोकिएको ढाँचामा टोल विकास समिति सूचीकृतको लागि निवेदन।

(*पुनश्चः* टोल विकास समितिको विधानको सफ्ट कपी, निवेदनको ढाँचा यसै साथ संलग्न रहेको छ।)

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची - १

## ........................ टोल विकास समितिको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलव्ध श्रम, सिप, र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काका परिपुरकको रुपमा विकसित गरी गरिवी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुरयाउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो.......................................टोल विकास समिति स्थापना गरी संचालन गर्न यो विधान बनाईएको हो ।

**१. प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान ...........................टोल विकास समितिको विधान हुनेछ ।

(ख) यो समिति को नाम ................................हुनेछ ।

(ग) यो विधान ...............................टोल विकास समितिको साधारण सभावाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

(घ) यस समितिको कार्यालय ................................मा हुनेछ ।

(ङ) यस समितिको सीमाना देहाय बमोजिम हुनेछ ।

पुर्व..............................पश्चिम...................................

उत्तर.............................दक्षिण..................................

**२. परिभाषा :**

विषय र प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. समिति भन्नाले .......................................टोल विकास समितिलाई सम्भmनुपर्छ ।

२. विधान भन्नाले टोल विकास समितिको विधानलाई सम्झनु पर्छ ।

३. साधारण सभा भन्नाले समितिको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. समिति भन्नाले टोल विकास समितिको कार्य समिति सम्झनु पर्छ ।

५.	वैठक भन्नाले समितिको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

६.	पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउछ ।

## ३. संगठित समिति हुने :

(क)	समितिको आफ्नो छुट्टै छाप हुनेछ । साथै समितिले व्यक्ति सरह आफ्नो नामवाट काम गर्न सक्नेछ ।

(ख)	समितिले चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ ।

तर समितिले आ^oनो अचल सम्पति बिक्रि गर्न भने पाउने छैन । समिति विघटन भएमा समितिको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

## ४. समितिका उद्देश्यहरु :

टोल क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क)	टोल स्तरमा सक्षम र दिगो रुपमा विकास गर्ने ।

(ख)	टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिवी न्यूनीकरणमा मद्दत पुर्याउने ।

(ग)	स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय समुदायको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

(घ)	सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सहभागी हुँने ।

## ५. टोल विकास कार्य समिति गठन

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क)	गाउँपालिकाको बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल बस्तीतहमा रहेका घरपरिवारका सदस्यहरुवाट टोल विकास समिति गठन गरिनेछ ।

(ख)	पहिलो पटकका लागी टोल बस्तीका बासिन्दाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका बढिमा ५ सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ ।

एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधी व्यतित नभई नियुक्ति हुने छैन कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्ने छ ।

(ग) टोल विकास समिति गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई समेटनु पदर्छ । यदि सो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरीलाई सहभागी गराई टोल विकास समिति गठन गरीने छ । टोल विकास समिति मा सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ । सामान्यतया कम्तिमा ५० घरधुरी भएको र भौगोलिक रुपमा मिलेको बस्तीलाई एउटा टोल कायम गरिनेछ ।

## ६. समितिका कार्यहरु :

टोल विकास समितिका कार्यहरु वडा कार्यालयको मातहतमा रही वडा कार्यालयसँग समन्वय गरी देहाय बमोजिम हुनेछन् :

१. प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सवै घरपरिवार सहभागी भएको टोल विकास समिति गठन गर्ने

२. समितिका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोही वमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गदै टोलको समग्र विकासका लागी टोल विकास योजना बनाउने ।

५. एच. आइ.भी/एड्स, अशिक्षा, अन्धविश्वास, बालविवाह बहुविवाह, छुवाछुत, मदिरा सेवन, लैंगिक हिंसा जस्ता सामाजिक समस्याका वारेमा सम्पुर्ण टोल विकास समिति सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थानमा वृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु संञ्चालन गर्ने ।

८. टोलमा वसोवास गर्ने वासिन्दाका वीचमा भवन निमार्ण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यन्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यन्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने । टोल तहमा सञ्चालन हुने विकास निर्माणको कार्य गर्न गाउँपालिकासँग सम्झौता गरी कार्यान्वयन गर्ने । टोलस्तरमा सञ्चालन हुने स-साना कार्यक्रम सञ्चालन गर्न सामान्यतया छुट्टै उपभोक्ता समिति गठन गरिने छैन ।

११. हरित शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यन्वयनमा सहयोग गर्ने ।

१३. पुर्ण साक्षर, पुर्ण खोप पुर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक, पर्ती, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१५. समितिको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. गाउँपालिकाको राजश्व परिचालनमा सहयोग गर्ने ।

१७. गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**७. सदस्यता :**

टोल विकास समितिको सदस्यता देहाय बमोजिम हुनेछ ।

(क) यस विधानको उद्देश्य बमोजिम समिति प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस समितिको सदस्य हुनेछन् ।

(ख) पछि टोलमा बसाई सरी आएका सदस्य बन्न इच्छुक बासिन्दालाई समितिले तोकेबमोजिम प्रकृया पुरा गरी सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने :**

देहायको अवस्थामा सदस्य रहने छैन ।

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समितिले स्विकृत गरेमा तर समितिको निर्णय उपर चित्त नवुझेमा साधारणसभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा समितिको नियम पालन नगरेमा समितिले निर्णय गरी सम्पुर्ण सदस्यहरुलाई जानकारी गराएमा ।

(घ) समितिलाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमिता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यवाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यहरुलाई सफाइ दिने अवसरबाट वञ्चित गरिने छैन। यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

## ९. समिति गठन एवं कार्य संचालन विधि :

समितिको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्नौल गरेपछि त्यस टोल भित्र बसोबास गर्ने अधिकाशं घरधुरीहरुको उपस्थितिमा समिति गठन गरिनेछ ।

(ख) टोल विकास समिति गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक–एक जना अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यक संख्यामा सदस्यहरु हुनेछन ।

(ग) समितिमा कम्तिमा एक तिहाई महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा एक जना महिला हुनेछ ।

## १०. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

समितिका पदाधिहरुको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

१) नियमित रुपमा मासिक बैठक बोलाउने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

६) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुर्याउने ।

७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

ख) सचिवको काम, कर्तव्य र अधिकार :

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाई सदस्यहरुको विशेष वैठकको लागी लिखित माग गरेमा बिशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने ।

६) समितिका कृयाकलापका वारेमा सदस्यलाई जानकारी गराउने ।

७) तोकिएका अन्य कार्यहरु गर्ने ।

(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१) समितिले गरेको आर्थिक कारोवारको लेखापरीक्षण गराउने ।

२) बैठकको निर्णय अनुसार संयुक्त रुपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरु संग समन्वय गरी सहयोग लिने दिने ।

४) समितो नगद र जिन्सी जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :

१) गाउँपालिका संग भएको साझेदारी/सम्झौता पत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने

२) समितिको हिसाव किताब चेक गर्ने ।

३) समितिका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

४) समिति संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने

५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय वमोजिम हुनेछ ।

१) समितिका सम्पुर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

२) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिको सचिव र निजको पनि अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ ।

३) साधारण सभा समितिको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

ग) समितिको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।

ज) समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था :**

(क) समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ ।

(१) सदस्यताबाट प्राप्त शुल्क,

(२) सरकारी तथा गैरसरकारी समितिबाट प्राप्त हुने अनुदान,

(३) समितिको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार,

(४) अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी समितिको हुनेछ ।

(ग) समितिको नाममा प्राप्त सम्पत्तिको परिचालन र प्रयोग तोके बमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा :**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ

## १५. कार्य समितिलाई अविश्वासको प्रस्ताव :

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई समितिका ६६ प्रतिशत सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

## १६ . विविध :

(क) विधान संशोधन गर्नु पर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले बिधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसंग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-२

टोल विकास समिति सूचीकृत गर्ने निवेदनको नमूना

मितिः.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक ।

**विषय :- टोल विकास समिति सूचीकृत गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित वडा नं. .................. को.......................................................टोलमा गठन गरिएको ..........................................टोल विकास समितिलाई हेलम्बु गाउँपालिकाको कार्यालयमा सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछु। यस ..............................टोल विकास समितिको क्षेत्र देहायको चार किल्ला भित्र सिमित रहनेछ ।

संलग्न गर्नुपर्ने कागजातः टोल भेलाको उपस्थिति र निर्णय तथा वडाको सिफारिस पत्र ।

पूर्व सिमाना ..................

पश्चिम सिमाना..............

उत्तर सिमाना.................

दक्षिण सिमाना .............

**निवेदक**

अध्यक्षको दस्तखत :

अध्यक्षको नाम, थर :

टोल विकास समितिको नाम :

ठेगाना :

सम्पर्क नं. :